ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

प्रधान कार्यालय,

जनशक्ति व्यवस्थापन तथा तालिम विभाग बुटवलको

बढुवा फाराम भर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१/०४/२०)

यस वित्तीय संस्थामा २०८१ साल आषाढ मसान्तसम्म रिक्त रहेका पदहरूमध्ये देहायका पदहरु मूल्यांकन बढुवा र आन्तरिक बढुवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने भएकोले उक्त अवधिसम्म देहायका पदहरुमा बढुवाको लागि संभाव्य भएका उम्मेदवारहरूबाट तोकिए बमोजिमको रीतपूर्वक बढुवा फाराम भरी यो सूचना प्रकाशित भएको मितिले २१ दिन (कार्यालय समय) भित्र प्रधान कार्यालय जनशक्ति व्यवस्थापन तथा तालिम विभाग बुटवलमा आइपुग्ने गरी पेश गर्नुहुन पदपूर्ति समितिको निर्णयअनुसार सूचित गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ ।

बढुवाको दरखास्त फारम भर्ने उम्मेदवारले अधिकृत श्रेणीको पदको लागि आवेदन गर्दा आवेदन दस्तुर वापत रु.७००।-, सहायक श्रेणीका लागि रु. ५००।- र श्रेणी विहिन पदको लागि रु.३००।- यस संस्थाको नाममा माछापुच्छे बैंक लि. शाखा कार्यालय बुटवलमा रहेको खाता नं.०२३००२००२५२०००२२ वा सिटिजन्स बैंक इन्टरनेशनल लि. शाखा कार्यालय बुटवलमा रहेको खाता नं. १५८०१०००००४३७२०१ मा जम्मा गरी सो को सक्कल भौचर राखी दरखास्तसाथ पेश गर्नुपर्ने छ । तोकिएको अवधिभित्र आवेदन फाराम नभरेमा र परीक्षा दस्तुर नबुझाएमा उम्मेदवारहरु बढुवा प्रकृयामा समावेश हुन पाउने छैनन् ।

साथै, बढुवाको लागि सम्भाव्य भएका उम्मेदवारहरुबाट संस्थाको कर्मचारी सेवा विनियमावली, २०८० बमोजिम निजहरुले हासिल गरेको शैक्षिक योग्यताको प्रतिलिपि, जेष्ठता, विभिन्न भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव समेतलाई पुष्टि गर्ने कागजातहरु सहित दरखास्त पेश गर्न निर्णयअनुसार सूचित गरिएको छ । दरखास्त फाराम, पाठ्यक्रम तथा अन्य जानकारीको लागि यस संस्थाको वेवसाइट www.gblbs.com.np बाट प्राप्त गर्न सकिनेछ ।

क्रमशः.....

विज्ञापन नं. :०१/२०८१/८२

पूर्ति गरिने पद	तह/श्रेणी	सेवा	मूल्यांकन बढुवाद्वारा पूर्ति गर्ने पद संख्या	आन्तरिक बढुवा प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने पद संख्या
मुख्य प्रबन्धक	अधिकृत दशौं/प्रथम	प्रशासन	५	४
वरिष्ठ प्रबन्धक	अधिकृत नवौं /द्वितीय	प्रशासन	४	३
प्रबन्धक	अधिकृत आठौं/द्वितीय	प्रशासन	१०	६
वरिष्ठ कम्प्युटर अधिकृत	अधिकृत आठौं/द्वितीय	प्राविधिक	१	०
उपप्रबन्धक	अधिकृत सातौं/तृतीय	प्रशासन	५८	३९
कम्प्युटर अधिकृत	अधिकृत सातौं/तृतीय	प्राविधिक	१	०
सहायक प्रबन्धक	अधिकृत छैटौं/तृतीय	प्रशासन	३२	२१
सहायक कम्प्युटर अधिकृत	अधिकृत छैटौं/तृतीय	प्राविधिक	१	१
वरिष्ठ सहायक	सहायक पाँचौं/प्रथम	प्रशासन	१४	१०
सहायक	सहायक चौथौं/द्वितीय	प्रशासन	१४	१४
कनिष्ठ सहायक	सहायक तेश्रो/तृतीय	प्रशासन	५०	०
वरिष्ठ सवारी चालक	श्रेणी विहिन	प्राविधिक	१	०
वरिष्ठ सहयोगी	श्रेणी विहिन	प्रशासन	१०	०

जनशक्ति व्यवस्थापन तथा तालिम विभाग